प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,

**बागमती प्रदेश कार्यालय**

**हेटौडा, मकवानपुर**

**सीप परीक्षण मुल्यांकनकर्ता तालिम (Skill Test Assessor Training) संचालन हुने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१०/३०

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS-P II) परियोजनातर्फको बजेटबाट प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI), राष्ट्रिय सीप परीक्षण समिति (NSTB) र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, बागमती प्रदेश कार्यालयको सहकार्यमा सीप परीक्षण मूल्याङ्कनकर्ता तालिम (Skill Test Assessor Training) संचालन हुने भएकोले तपसिलमा उल्लेख भएबमोजिम योग्यता तथा अनुभव भएका बागमती प्रदेशमा स्थायी बसोबास भएका/कार्यक्षेत्र बनाएका नेपाली नागरिकले मिति २०८१/११/१५ गते राति १२ बजे सम्म आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी परिषद् बागमती प्रदेश कार्यालयको इमेल ठेगानाः **tech@ctevtbagmati.org.np** वा CTEVT बागमती प्रदेश कार्यालय हेटौडा, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई, सामाजिक विकास मन्त्रालय बागमती प्रदेशमा सोहि मितिसम्म कार्यालय समय भित्र उपस्थित भई तपसिलमा उल्लेखित कागजात सहित आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । आवेदन फाराम www.ctevtbagmati.org.np बाट डाउनलोड गरी वा CTEVT, बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुरबाट प्राप्त गर्न सकिने छ।

**सहभागी छनौटको लागि शर्त तथा मापदण्डहरु**

**१. तालिम संचालन हुने बिषयहरु**

| क्र.स. | क्षेत्र | व्यवसाय | कैफियत |
|---|---|---|---|
| क. | Computer | Computer Hardware and Network Technician | |
| ख. | Mechanical | Ref. and AC Mechanic, Welder | |
| ग. | Construction | Building Painter, Plumber, Construction Mason, Tile and Marble Fixture | |
| घ. | Electrical and Electronics | Cell/Mobile Phone Repair Technician | |
| | | | **आवश्यक संख्या जम्मा २० जना मात्र** |

**२. आवेदकको न्युनतम योग्यता:**

- बागमती प्रदेशमा स्थायी ठेगाना भएको वा बागमती प्रदेशलाई कार्यक्षेत्र बनाई सम्बन्धित पेशामा संलग्न रहेको नेपाली नागरिक,
- औपचारिक अध्ययन अध्यापन हुने संकायमा कम्तिमा प्राविधिक एसएल सी.. वा प्रि.-डिप्लोमा उतिर्ण गरी सम्बन्धित पेशा वा व्यवसायमा **कम्तिमा ५ बर्ष कार्य अनुभव** भएको,
- औपचारिक अध्ययन अध्यापन नहुने संकायको हकमा राष्ट्रिय सीप परीक्षण समितिको सम्बन्धित पेशा/व्यवसायमा तह ३ को सीप परीक्षण हुने व्यवस्था भएकोमा तह ३ उतिर्ण, तह २ सम्मको व्यवस्था भएकोमा तह २ उतिर्ण र तह १ मात्र व्यवस्था भएकोमा तह १ उतिर्ण भएको
- न्युनतम SLC/ SEE उतिर्ण

**३. पेश गर्नुपर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्र, प्राविधिक तथा शैक्षिक योग्यताको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्रहरुको प्रतिलिपि, मान्यता प्राप्त संस्थामा सम्बन्धित क्षेत्रमा कार्य अनुभवको पत्र, लक्षित बर्ग जनाउने सिफारिस पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।
- बसाईंसँराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसँराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**४. छनौटका आधारहरुः** सम्बन्धित व्यवसायको सीप परीक्षण प्रमाण-पत्र, प्राविधिक तथा शैक्षिक योग्यताको प्रमाण पत्र, सम्बन्धित पेशाको कार्य अनुभव पत्र, लिङ्ग, लक्षित वर्ग, TITI को प्रशिक्षक प्रशिक्षण सम्बन्धि (TOT/O-ToT, IS) तालिमको प्रमाण पत्रहरुको प्रतिलिपि,

**५. तालिमको अवधि ५ दिन र समय बिहान ९:३० देखि बेलुकी ४:४५ बजे सम्म हुनेछ** । तालिम अवधि भर पुरा सहभागी हुनुपर्नेछ तथा तालिम समाप्त भए पछि उतिर्ण सहभागीहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ ।

**६. संक्षीप्त सूचीमा परेका आवेदकहरुले तालिम सहभागिताका लागि योग्य हुन NSTB बाट संचालन हुने Computer Based Online परीक्षामा सफल हुनुपर्ने छ । उक्त परीक्षाको मिति, समय र स्थान पछि प्रकाशन गरिने छ।**

७. तालिमका लागि छनौट भएका सहभागिको नतिजा कार्यालयको वेबसाइटमा राखिनेछ साथै टेलिफोन मार्फत जानकारी गराइनेछ। कुनै कारणले सम्पर्क हुन नसकेमा आवेदक स्वयं जिम्मेवार हुनुपर्ने छ।

८. पेश गर्नु पर्ने प्रमाणपत्रहरु तथा कागजातहरु पेश नगरेमा वा शर्त सहितको अपूर्ण आवेदन स्वीकार्य हुने छैन।

९. तालिमको लागि सहभागीहरुको छनौट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि परिषद् बागमती प्रदेश कार्यालय र प्राविधिक प्रशिक्षण प्रतिष्ठान (**TITI**) ले गरेको निर्णय अन्तिम हुनेछ।

१०. छनौट भएका सहभागिहरुले तालिममा आउदा पहिलो दिन माथी उल्लेखित सक्कल कागजातहरु ल्याउनु पर्नेछ।

**पुनश्चः**

थप जानकारीको लागि परिषद् बागमती प्रदेश कार्यालयको फोन नं ०५७-५२२१६९, ५२४९९१ हटलाइन नं. ९८५५०३४९९१ वा सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (NVQS-PII) कार्यान्वयन सहयोग इकाईको फोन नं ०५७-५९००१७ मा सम्पर्क गर्नु होला। इमेलमा आवेदन पठाईसके पछि प्राप्त भएको नभएको सुनिश्चितता गर्नहुन पनि अनुरोध छ।